## प्रेस विज्ञप्ती

### महिला अभिकर्ताले पश्चिम नेपालका ग्रामीण क्षेत्रहरुमा वित्तीय सेवा प्रदान गर्ने

श्रावण १२, २०७३ – छिमेक लघुवित्त विकास बैंकले यूके एड सक्षमको सहकार्यमा महिला बैंकिङ्ग अभिकर्ताहरु मार्फत पश्चिम नेपालका ग्रामीण केन्द्रहरुमा आफ्नो वित्तिय उपज तथा सेवाहरुको विस्तार गरिरहेको छ। डिजिटल महिलाः डिजिटल वुमन च्यानल पाटनर्स फर जेन्डर इन्क्लुसिभ माइक्रो फाइनेन्स् सर्भिसेज नामक यस साझेदारीले स्थानीय महिलाहरुलाई शाखा रहित बैंकिङ्ग अभिकर्ताका रुपमा बाँके, डडेल्धुरा, दाङ्ग, कैलाली र रुकुमका कठिन भौगोलिक अवस्थाका बावजुद पनि काम गर्नका लागि सशक्तिकरण गर्नेछ। आज सानेपाको होटल सम्मिटमा सम्पन्न भएको एक कार्यक्रमबीच यो परियोजनाको हस्ताक्षर समारोह भएको हो।

यस परियोजनाका दुई भिन्न विशेषता हुनेछन्। डिजिटल महिलाका रुपमा नियुक्त भएका महिलाहरुलाई छिमेक बैंकका भौतिक शाखाहरुको सेवा पुग्न नसेकेका क्षेत्रहरुमा स्वतन्त्र रुपमा काम गर्नका लागि प्रशिक्षित गरिने छ र आवश्यक उपकरण तथा इन्टरनेट सुविधा प्रदान गरिनेछ। यी अभिकर्ताहरुले गरेको कारोबारलाई वास्तविक अनलाईन कारोबारको रुपमा सुनिश्चित गर्नका लागि डिजिटल उपकरणको मद्दतले बैंकको व्यवस्थापन सूचना प्रणाली (एमआइएस्)मा जोडिने छ। यस विशेषता मार्फत कारोबारको अभिलेख राख्नका लागि भौतिक शाखाहरुसम्म पुग्नु पर्ने आवश्यकतालाई हटाउने अपेक्षा गरिएको छ; शाखाले आफ्ना अभिकर्ताहरुको कामको यथा समयमा (Real Time) अनुगमन गरेर सहयोग गर्नेछ।

कार्यक्रमा बोल्दै सक्षमका टोली प्रमुख श्री बलजित बोहराले भन्नुभयो, "वित्तीय क्षेत्रका नेतृत्वदायी संस्थाहरुसँगको साझेदारीमा सक्षम कार्यक्रम नेपालका ग्रामीण गरिब जनताका लागि वित्तीय सेवाको पहुँच सुधार्नका लागि नविनतम कार्य प्रतिका व्यवधानहरु हटाउन प्रयासरत रहेको छ। आफ्ना शाखा कार्यालयहरुको कामको सशक्त अनुगमन र समर्पित कर्मचारीका कारण उच्चस्तरको पोर्टफोलियो कायम राख्न सकेको हुनाले लघुवित्तको क्षेत्रमा छिमेकले एउटा सशक्त लघुवित्त संस्थाको रुपमा राम्रो पहिचान बनाएको छ। यस परियोजनामार्फत छिमेकले आफ्नो सहजताको क्षेत्र भन्दा बाहिर गएर काम गर्ने चुनौती स्वीकारेको छ र आफ्ना महिला ग्राहकहरुलाई अभिकर्ताको रुपमा प्रयोग गरेर आफ्ना शाखाहरु नपुगेका क्षेत्रहरुमा आफ्नो सेवा र कार्यक्रम विस्तार गर्दैछ। छिमेकको डिजिटल महिला परियोजनाले स्थानीय समुदायहरुलाई सशक्तिकरण गर्नेछ र उनीहरुको समयानुकुल र महत्वपूर्ण वित्तीय सेवाहरुसम्मको पहुँचमा सुधार ल्याउनेछ भन्ने कुरामा हामी विश्वस्त छौं।"

छिमेक लघुवित्त विकास बैंकका प्रमुख कार्यकारी अधिकृत श्री रामचन्द्र जोशीले भन्नुभयो, "यस साझेदारीमा समर्थन दिनु भएकोमा डिएफआइडी नेपाल र सक्षमलाई हामी आभार प्रकट गर्न चाहन्छौं। स्थानीय अर्थतन्त्र र समुदायको सबलीकरणका लागि हाम्रा अभिकर्ताले हाम्रो संस्थाले अन्यत्र दिने सेवा समान कै गुणस्तरको सेवा प्रदान गरेको हामी सुनिश्चित गर्नेछौं। "

नेपाल राष्ट्र बैकंका निर्देशक श्री रमण नेपालले भन्नुभयो, "नेपाल राष्ट्र बैक वित्तिय समाबेशिताको लागि प्रतिबद्ध छ। यस परियोजना मार्फत महिलाहरु बैकिंग एजेन्टको रुपमा काम गरेर उनीहरुको गाउँटोलमा वित्तिय पहुचँको विस्तार गर्न सघाउ पुऱ्याउन लागेकोमा खुशी व्यक्त गर्दछु। "

सक्षम एक्सेस टु फाइनान्स कार्यक्रम (Sakchyam- Access to Finance Programme) बेलायत सरकार र नेपाल सरकार बीचको द्धिपक्षिय सहयोगमा लुइस बर्जर (Louis Berger) द्धारा अन्य संस्थासगँको सहकार्यमा नेपालमा कार्यान्वयन भईरहेको छ।